नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

श्रीमहल, पुल्चोक, ललितपुर

## प्रतीक चिह्न (लोगो) प्रतियोगितासम्बन्धी सार्वजनिक सूचना

बाल अधिकार संरक्षण तथा प्रवर्धनका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक सङ्घ-संस्था तथा नीजि क्षेत्रहरूले उत्पादन, प्रसारण तथा प्रकाशन गर्ने बाल अधिकार प्रवर्धनात्मक सूचना तथा स्रोत सामग्रीहरूको विश्वसनीयता अभिवृद्धि गर्न, दोहोरोपना र अस्पष्टता हटाउन तथा बालबालिका चित्रण गरिएका विज्ञापन सामग्रीहरूसमेतको विषयवस्तुहरू बाल संवेदनशील बनाउने उद्देश्यले बालबालिकासम्बन्धी नियमावली २०७८ को नियम ७९ बमोजिम परिषद्अन्तर्गत गठित बालबालिकासम्बन्धी सूचना सामग्री प्रमाणीकरण उप-समितिमा त्यस्ता सूचना सामग्रीहरू प्रमाणीकरण गर्ने व्यवस्था गरिएको छ। सो प्रयोजनका लागि परिषद्ले नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानसँगको सहकार्यमा सूचना सामग्री प्रमाणीकरण चिह्न (प्रतीक चिह्न) खुला प्रतिस्पर्धाबाट निर्माण गर्ने भएको हुँदा इच्छुक व्यक्ति/संस्थाहरूले देहायबमोजिमको शर्तहरूका आधारमा **बालबालिकासम्बन्धी सूचना सामग्री प्रमाणीकरण चिह्न** (**प्रतीक चिह्न**) निर्माण खुला प्रतियोगितामा सहभागिताका लागि यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**सर्तहरू:**

१. प्रतीक चिह्न (लोगो) मा नेपालीपन सहितको बाल अधिकारको प्रवर्द्धनात्मक भाव झल्किएको हुनुपर्नेछ।
२. प्रतीक चिह्न (लोगो) प्राथमिक रङहरूको प्रयोग गरी निर्माण गर्नुपर्नेछ।
३. प्रतीक चिह्न (लोगो) एकल (मोनो) रङ १ थान र बहु (फो) रङ १ थान बुझाउनु पर्नेछ।
४. प्रतीक चिह्न (लोगो) को साइज ४x४ इन्चदेखि ६x६ इन्चसम्मको हुनुपर्ने छ अथवा ३०० डिपिआई (DPI) रेजुलेसनको हुनुपर्नेछ।
५. प्रतीक चिह्न (लोगो) को डिजिटल र हार्डकपी उपलब्ध गराउनु पर्नेछ।
६. प्रतीक चिह्न (लोगो) निर्माण गरी मिति २०८० माघ २५ गतेभित्र परिषद्को इमेल ठेगाना ncrc.council@gmail.com मा पठाउनु पर्नेछ।
७. प्रतीक चिह्न (लोगो) को छनोट नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानसँगको सहकार्यमा गठित प्रतीक चिह्न (लोगो) निर्माण समितिले निर्धारण गरेको प्रक्रिया बमोजिम हुनेछ।
८. प्रतिस्पर्धाबाट उत्कृष्ट पाँचमा पर्न सफल प्रतीक चिह्न (लोगो) निर्माण गर्ने प्रतियोगीहरूलाई प्रमाण-पत्र र सोमध्येबाट छनोट भएको एक प्रतियोगीलाई नगद पुरस्कारको व्यवस्था गरिनेछ।

**सदस्य सचिव**
**राष्ट्रिय बाल अधिकार परिषद्**